| क्र.सं. | कार्यक्रम/आयोजना | राष्ट्रिय लक्ष्य | आयोजना अवधि (सुरु र समाप्ति) | कुल अनुमानित लागत (रू. करोड) | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| | | | | | प्रदेशमा अवस्थित आंगिक कलेज विशिष्टताका आधारमा अनुसन्धान केन्द्रका रूपमा विकास भएका हुनेछन्।<br>• देशभित्र र बाहिर रहेका नेपाली वैज्ञानिक तथा प्राविधिकको विज्ञान प्रविधि तथा नव-प्रवर्तन सञ्जाल विस्तार मार्फत बौद्धिक सञ्चार भएको हुनेछ।<br>• राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिष्ठान एवम् विश्वविद्यालयसँग सम्पर्क विस्तार भई वैज्ञानिक क्षमता र पहुँच अभिवृद्धि भएको हुनेछ। |
| ११. | स्वास्थ्य बिमा कार्यक्रम[३] | २<br>५ | २०७२/७३ - २०८०/८१ | ३५०० | • स्वास्थ्य बिमामा आबद्ध भएको जनसङ्ख्या ७ प्रतिशतबाट ६० प्रतिशत पुगेको हुनेछ।<br>• स्वास्थ्य उपचारमा व्यक्तिगत खर्च घटेर ५३ प्रतिशतबाट ४० प्रतिशत भएको हुनेछ।<br>• स्वास्थ्य सेवामा सर्वव्यापी र गुणस्तरीय पहुँच तथा उपयोगमा वृद्धि भएको हुनेछ। |
| १२. | एकीकृत खोप तथा पोषण कार्यक्रम[२] | २<br>५ | २०७६/७७ - २०८०/८१ | ९०१ | • तोकिए बमोजिमको सबै खोप पाउने बालबालिकाको सङ्ख्या ९५ प्रतिशत पुगेको हुनेछ।<br>• एच.पि.भि. भ्याक्सिन लगाएका किशोरीको सङ्ख्या ६० प्रतिशत पुगेको हुनेछ।<br>• जन्मेको ६ महिनासम्म स्तनपान मात्र गरेको शिशुको सङ्ख्या ९० प्रतिशत पुगेको हुनेछ।<br>• पोषण विशेष र पोषण संवेदनशील कार्यक्रम मार्फत महिला, बालबालिका तथा किशोर-किशोरीको पोषण अवस्थामा सुधार भएको हुनेछ। |
| १३. | सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सबलीकरण कार्यक्रम[२] | २<br>५ | २०७६/७७ - २०८०/८१ | ७५१ | • गर्भवती महिलाको जाँच, तृतीय तहका अस्पतालमा बर्थिङ विभाग स्थापना, प्रसूति सेवा प्रदायक स्वास्थ्य संस्थाको सुधार भएको हुनेछ।<br>• सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सेवाको पहुँच अति सीमान्तकृत वर्गसम्म पुगेको हुनेछ।<br>• निरोधात्मक तथा उपचारात्मक कार्यक्रम मार्फत महिलामा हुने फिस्टुला, पाठेघर क्यान्सर, स्तन क्यान्सर जस्ता प्रजनन स्वास्थ्य समस्याको न्यूनीकरण भएको हुनेछ। |

राष्ट्रिय योजना आयोग

| क्र.सं. | कार्यक्रम/आयोजना | राष्ट्रिय लक्ष्य | आयोजना अवधि (सुरु र समाप्ति) | कुल अनुमानित लागत (रू. करोड) | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| | | | | | • मातृ मृत्युदर, बाल मृत्युदर र नवजात शिशु मृत्युदरमा कमी आएको हुनेछ। |
| १४. | एकीकृत रोग रोकथाम तथा नियन्त्रण कार्यक्रम[२] | २<br>५ | २०७६/७७ - २०८०/८१ | २५०० | • रोग नियन्त्रण सम्बन्धी निकायहरूलाई एकीकृत गरी राष्ट्रिय रोग नियन्त्रण तथा रोकथाम केन्द्र स्थापना भएको हुनेछ।<br>• समुदायमा क्षयरोग र कुष्ठरोगको सक्रिय खोज पहिचान तथा विशेषः कार्यक्रम मार्फत क्षयरोग र कुष्ठरोग उपचार भएको हुनेछ।<br>• औलो, हात्तीपाइले, कालाजार लगायतका रोग निवारण सम्बन्धी विशेष कार्यक्रम सञ्चालन भएको हुनेछ।<br>• समुदायको सक्रिय सहभागितामा डेंगु रोग नियन्त्रण भएको हुनेछ।<br>• मानसिक स्वास्थ्य सेवा कार्यक्रम स्थानीय तहसम्म विस्तार भएको हुनेछ। |
| १५. | एकीकृत स्वास्थ्य सूचना व्यवस्थापन तथा डिजिटल हेल्थ कार्यक्रम[१] | २<br>८ | २०७६/७७ - २०८०/८१ | २९२ | • तहगत समन्वयमा एकीकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली कार्यान्वयनमा आएको हुनेछ।<br>• स्वास्थ्य सूचना तथा तथ्याङ्कको आदान-प्रदान तथा पूर्ण उपयोग भई स्वास्थ्य सेवाको प्रभावकारिता वृद्धि भएको हुनेछ।<br>• डिजिटल स्वास्थ्य सेवा विस्तार र आधुनिक स्वास्थ्य प्रणाली विकास भएको हुनेछ।<br>• गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच विस्तार भएको हुनेछ। |
| १६. | आप्रवासन स्वास्थ्य कार्यक्रम[१] | २<br>५ | २०७६/७७ - २०८०/८१ | १०३ | • आप्रवास प्रकियासँग जोडिएर आउन सक्ने स्वास्थ्य समस्या सम्बन्धी सूचना प्रणाली विकास र व्यवस्थापन भएको हुनेछ।<br>• आप्रवासन/प्रवासन तथा खुला सीमानाका कारण आउन सक्ने स्वास्थ्य समस्या, प्रकोप र महामारीको पहिचान, रोकथाम तथा व्यवस्थापन भई स्वास्थ्य जोखिम न्यूनीकरण भएको हुनेछ। |
| १७. | जनसङ्ख्या व्यवस्थापन | २<br>५ | २०७६/७७ - २०८०/८१ | २५.५ | • जनसांख्यिक व्यवस्थापन सूचना प्रणालीको विकास भएको हुने, संघ, प्रदेश र स्थानीय तहको जनसांख्यिक प्रोफाइल तयार भएको हुनेछ। |

राष्ट्रिय योजना आयोग

| क्र.सं. | कार्यक्रम/आयोजना | राष्ट्रिय लक्ष्य | आयोजना अवधि (सुरु र समाप्ति) | कुल अनुमानित लागत (रू. करोड) | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| | कार्यक्रम[१] | | | | • स्वास्थ्य संस्थामा हुने जन्म तथा मृत्युका घटनालाई पञ्जीकरण कार्यक्रमसँग आबद्ध गरिएको हुनेछ।<br>• विषय क्षेत्रगत तथा तहगत समन्वय र मूलप्रवाहीकरण मार्फत जनसांख्यिक लाभांशको उपयोग भएको हुनेछ। |
| १८. | खानेपानी गुणस्तर सुधार कार्यक्रम[३] | २<br>५ | २०७६/७७ - २०८०/८१ | ८३८ | • १९ लाख ५ हजार परिवार अर्थात् २७.५ प्रतिशत जनसङ्ख्यामा सुरक्षित खानेपानी सेवा पुगेको हुनेछ।<br>• जनस्वास्थ्यमा उल्लेख्य सुधार भई उत्पादकत्वमा वृद्धि भएको हुनेछ। |
| १९. | खानेपानी सेवा विस्तार तथा पुनर्स्थापना कार्यक्रम[३] | २<br>५ | २०७६/७७ - २०८०/८१ | २१२१ | • ९०० खानेपानी आयोजनाको निर्माण एवम् पुनर्स्थापना कार्य सम्पन्न भएको हुनेछ।<br>• खानेपानी सेवा विस्तार तथा पुनर्स्थापना भई ११ लाख ४८ हजार जनसङ्ख्या लाभान्वित भएका हुनेछन्। |
| २०. | जलवायु अनुकूलित बृहत् खानेपानी आयोजना[३] | २<br>५ | २०७६/७७ - २०८०/८१ | ३८५० | • ५५ आयोजनाको निर्माण कार्य सम्पन्न भएको हुनेछ।<br>• जलवायु परिवर्तनबाट प्रभावित सुख्खा क्षेत्रमा बसोबास गर्ने ८ लाख ५५ हजार जनसङ्ख्या खानेपानी सेवाबाट लाभान्वित भएका हुनेछन्। |
| २१. | काठमाडौं उपत्यका फोहोर पानी व्यवस्थापन आयोजना[३] | २<br>५ | २०६०/६१ - २०८०/८१ | ३९५ | • ढल तथा फोहोर पानी प्रशोधन केन्द्र निर्माण भएको हुनेछ।<br>• काठमाडौं उपत्यकाको दैनिक १३.८ करोड लिटर फोहोर पानी प्रशोधन भएको हुनेछ। |
| २२. | युवा व्यावसायिक नवप्रवर्तन केन्द्र[१] | २<br>४ | २०७६/७७ - २०८०/८१ | ४६८ | • दक्ष र उद्यमशील जनशक्ति विकास भएको हुनेछ।<br>• युवालाई परम्परागत निर्वाहमुखी कामबाट आधुनिक उद्यममा रूपान्तरण गर्न सहयोग पुगेको हुनेछ। |

राष्ट्रिय योजना आयोग